स्थानीय राजपत्र

नौकुण्ड गाउँपालिका, रसुवाद्वारा प्रकाशित

| खण्ड १ | संख्या ७ | मिति २०८१।११।०६ |
|---|---|---|


भाग २

## नौकुण्ड गाउँपालिका

नेपालको संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८० सालको कार्यविधि संख्या ७

# नौकुण्ड गाउँपालिका छात्रवृत्ति प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८०

प्रस्तावना :

एकाइसौं शताब्दीमा शिक्षा प्रतिस्पर्धी गुणस्तरीय हुनुपर्ने परिपेक्षमा नौकुण्ड गाउँपालिकाले यस पालिका भित्रका बालबालिकाहरूमा गुणस्तरीय शिक्षा विज्ञान र प्रविधि विषयमा पहुँच बढाउन उच्च शिक्षा क्षेत्रमा अनुसन्धानात्मक कार्यमा लागेका सरकारी विद्यालय विश्वविद्यालयहरूलाई आ.व.२०८०।८१ को सोहौं गाउँसभाबाट स्वीकृत छात्रवृति वितरण गर्न वितिय समानीकरण कार्यक्रममा छात्रवृति शीर्षकमा बजेट विनियोजन गरिएको हो। विपन्न जेहनदार अनाथ दलित अनुसन्धानात्मक कार्यमा सहभागी भएका विद्यार्थीहरू सरकारी

नौकुण्ड गाउँपालिका, रसुवा

तथा गैरसरकारी शिक्षण संस्थामा अध्ययन गरिरहेका अन्यत्रबाट कुनै सहयोग नपाएकालाई सहयोग पुग्ने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा १ को अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको हो।

## १.संक्षिप्त नाम र प्रारम्भ

क. यस कार्यविधिको नाम "नौकुण्ड गाउँपालिका छात्रवृत्ति प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८० " हुनेछ।

ख. यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेपछि लागू हुनेछ।

## २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु पर्छ।

ख. कोष भन्नाले छात्रवृति प्रोत्साहन कोष सम्झनु पर्छ।

ग. गाउँपालिका भन्नाले नौकुण्ड गाउँपालिका सम्झनु पर्छ।

घ. सभा भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सञ्चालन हुने गाउँ सभालाई सम्झनु पर्छ ।

ङ. स्थानीय तह भन्नाले नौकुण्ड गाउँपालिकालाई सम्झनु पर्छ।

च. कर्मचारी भन्नाले नौकुण्ड गाउँपालिकामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ।

छ. प्रमुख प्रशासकीय अधिकृत भन्नाले नौकुण्ड गाउँ कार्यपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

ज. मन्त्रालय भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा प्रदेश मन्त्रालयलाई सम्झनु पर्छ।

झ. प्रदेश मन्त्रालय भन्नाले बागमती प्रदेशको मन्त्रालयलाई सम्झनु पर्छ।

ञ. विद्यालय भन्नाले विद्यालय सम्झनु पर्छ।

ट. प्राविधिक धार भन्नाले विज्ञान इन्जिनियरिङ सीपमूलक कोर्ष स्वास्थ्य क्षेत्रका विषय भन्ने सम्झनु पर्छ।

ठ. उच्च शिक्षा भन्नाले विद्यालय शिक्षा पछि अध्ययन गरिने विश्वविद्यालय शिक्षा भन्ने बुझ्नु पर्छ।

ड. समिति भन्नाले नौकुण्ड गाउँ कार्यपालिकाद्वारा गठित छात्रवृति समिति भन्ने बुझ्नुपर्छ।

नौकुण्ड गाउँपालिका, रसुवा

ढ. भत्ता प्रोत्साहन वितरण कार्यमा बैठकमा सहभागी हुँदा दिइने सेवा बापतको रकम भन्ने बुझ्नु पर्छ।

ण. अनुगमन पालिका भित्र रहेको अनुगमन गर्ने समिति भन्ने बुझ्नु पर्छ।

## ३.कार्यविधिको उद्देश्य:

यस कार्यविधिको प्रमुख उद्देश्य नौकुण्ड गाउँपालिका भित्र बसोबास गरिरहेका विपन्न जेहनदार असहाय परिवारका बालबालिकाहरूको विद्यालय तथा उच्च शिक्षामा पहुँच बढाउन विद्यालयहरूबाट SEE मा उच्च स्थान प्राप्त गर्ने विद्यार्थीलाई प्रोत्साहन गर्न अनुसन्धानात्मक कार्यमा सहयोग गर्न प्रोत्साहन विशेष सहयोग शिक्षकको अतिरिक्त कक्षाबाट कक्षा लिन क्षमता विमास गर्ने कार्यका लागि विद्यालय तथा उच्च शिक्षामा नियमित कक्षामा सहभागी हुन नौकुण्ड गाउँपालिकामा शिक्षाको स्तर उकास्ने कार्यमा सहयोग गर्न यो छात्रवृति प्रोत्साहन उपल्ब्ध गराउनुको उद्देश्य रहेको छ।

## ४. छात्रवृति वितरण समिति:

१) गाउँ शिक्षा समितिको अध्यक्ष – अध्यक्ष
२) गाउँपालिकाको उपाध्यक्ष - सदस्य
३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको एकजना अधिकृत - सदस्य
४) सामाजिक विकास समितिको संयोजक - सदस्य
५) माध्यमिक विद्यालय प्रधानाध्यापकहरू मध्येबाट एक जना - सदस्य
६) शिक्षा अधिकृत - सदस्य सचिव

## ५.छात्रवृति वितरण तथा व्यवस्थापन समितिको काम कर्तव्य:

१) कार्यविधि बनाई गाउँपालिकामा पेश गर्ने
२) आवेदन माग गर्ने सूचना प्रकाशन गर्ने
३) आवेदन दर्ता गर्ने
४) बजेट तथा वितरण कार्य योजना बनाउने
५) तथ्याङ्क सत्यापनको आवश्यक काम गर्ने
६) अन्तिम नामावली तयार गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने
७) वितरण कार्यक्रम सञ्चालन गर्ने
८) विल तथा भरपाई संकलन गर्ने
९) अनुगमन गराउने

## ६. छात्रवृति रकम/प्रकार:

नौकुण्ड गाउँपालिका, रसुवा

गाउँ कार्यपालिकाले तोकेको रकम दिन सकिनेछ।

क. स्नातकोत्तर अध्ययनरत प्रति विद्यार्थी लाई अधिकतम ५० हजारका दरले,

ख. मेडिकल एमविविएस प्रति विद्यार्थी लाई अधिकतम ५ लाखका दरले,

ग. ४ वर्षे इन्जिनियरिङ समूहमा अध्ययन गर्ने प्रति विद्यार्थी लाई अधिकतम ५ लाखका दरले,

घ. स्वास्थ्य क्षेत्रका (BN, BSC Nursing, BPH) जस्ता विषयहरू अध्ययन गर्ने प्रति विद्यार्थी लाई अधिकतम ४ लाखका दरले ।

ङ. B.Sc. Ag / B.V.Sc. Ag. / B.Sc. Forestry / B.Pharmacy अध्ययनरत प्रति विद्यार्थी लाई अधिकतम ५० हजारका दरले ।

७.छनौटको आधार/छात्रवृतिको लागि आवश्यक योग्यता:

१) नौकुण्ड गाउँपालिकाको स्थायी बासिन्दा,

२) नौकुण्ड गाउँपालिकाका स्थायी बासिन्दालाई बढी प्राथमिकता हुनेछ,

३) कक्षा ११ र १२ मा विज्ञान विषय लिई अध्ययन गरेको,

४) विद्यार्थीको विद्यालयको अभिलेख अनुसार ७०% हाजिरी भएको हुनु पर्नेछ,

**८. छात्रवृति प्राप्त गर्न पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**

क. वडा कार्यालयको सिफारिस,

ख. अध्ययनरत शैक्षिक संस्थाको अध्ययन गरिरहेको सिफारिस पत्र,

ग. शैक्षिक प्रमाणपत्र,

ङ. अध्ययन गरेको शिक्षण संस्थामा भर्ना भई अध्ययन गरिरहेको कागजात (विषय क्षेत्र, परिचयपत्र, भर्ना रसिद, शैक्षिक उपलब्धिको प्रमाणपत्र, नागरिकता वा जन्म दर्ता)

घ. छात्रवृति पाउन छनोट भएका विद्यार्थीले विल भरपाई रसिद पेश गरेपछि मात्र बैंक खातामा निर्णय भएको रकम निकासा गरिने छ।

ङ. सम्बन्धित विद्यार्थी आवेदन फाराम सहित छात्रवृति आवश्यकता र आफ्नो प्रतिबद्धता खुलेको हस्त लिखित निवेदन ।

९. संशोधन र बचाउ:

यस कार्यविधिमा उल्लेखित कुराहरूमा कुनै संशोधन गर्नु परेमा सम्बन्धित प्रचलित ऐन नियमको परिधि भित्र रहि गाउँ कार्यपालिकाले तयार गरे अनुसार रहने छ। यस कार्यविधिमा उल्लेख गरिएका कुराहरूको हकमा यसै कार्यविधि अनुसार गर्नु पर्नेछ।

नौकुण्ड गाउँपालिका, रसुवा

नौकुण्ड गाउँपालिका, रसुवा

अनुसूची १

आवेदन फाराम

मिति:

श्रीमान,प्रमुख प्रशासकीय अधिकृत ज्यू
नौकुण्ड गाउँपालिकाको कार्यालय

विषय: छात्रवृत्ति उपलब्ध गराईदिनुहुन सम्बन्धमा।

प्रस्तुत विषयमा नौकुण्ड गाउँपालिकाको मिति ....................... गतेको सूचना अनुसार त्यस सूचना अनुसारको छात्रवृति पाउन योग्य भएकाले तपसिलको विवरण सहित श्रीमान समक्ष छात्रवृति प्रोत्साहन सहयोग पाउन यो अनुरोध गर्दछु।

१. नाम : २. अध्ययन गरेको तह

३. वर्ष वा सेमेस्टर

४. अध्ययन गरेको संस्थाको नाम :

५. विषय क्षेत्र

६.बुबाको नाम ना.प्र.न. :

मोबाईल न. पेशा:

७.आमाको नाम : पेशा:

८.परिवार सङख्या.........

९.बैंक खाता नाम:

१०.बैंक खाता नम्बर:

११.खाता रहेको बैंकको नाम र ठेगाना:

निवेदनका साथमा भएका कागजातहरू

१. अध्ययनरत संस्थाको सिफारिस छ छैन
२. अन्य कुनै निकायको सहयोग छ छैन
३. नागरिकता वा जन्म दर्ताको प्रमाणपत्र छ छैन
४. वडा कार्यालयको सिफारिस छ छैन
५. SEE परीक्षामा उत्कृष्ट स्थान ल्याएको छ छैन

निवेदकको सहि:
नाम :
ठेगाना:
सम्पर्क नम्वर :

प्रमाणिकरण मितिः २०८१।११।०६

आज्ञाले,
नविन गिरी
प्रमुख प्रशासकीय अधिकृत